## मौलापुर नगरपालिका
## पाचौ नगरसभा २०७८/०७९
## नीति तथा कार्यक्रम र बजेट वक्तव्य

**नगरसभा अध्यक्षज्यू,**
**यस समारोहका प्रमुख अतिथि, विशिष्ट अतिथिहरु एवम् अन्य अतिथि गण,**
**कर्मचारी एवम् पत्रकार मित्रहरु,**

सर्वप्रथमम यस मौलापुर नगरपालिकाको पाँचौ नगरबजेट अधिवेशनमा यहाँहरु सम्पूर्णलाई हार्दिक स्वागत गर्न चाहन्छु । कोरोना महामारीले सृजना गरेकोविषम् परिस्थितिको सामना गर्दै आम नगरवासीको जीवन रक्षा गर्न र नगरको समग्र विकासलाई अगाडि बढाउननगर कार्यपालिकाको तर्फबाट आगामी आ.व. २०७८/०७९ को नीति, कार्यक्रम र बजेट प्रस्तुत गर्न उपस्थित भएको छ । सर्वप्रथम यस महत्वपूर्ण एवम् ऐतिहासिक घडीमा देशमा परिवर्तनका लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाईतेहरुको स्वास्थ्य लाभको कामना गर्दछु। साथै, कोरोना भाइरस (कोभिड-१९) संक्रमणबाट मृत्युवरण गर्नुभएका सम्पूर्णमा श्रद्धाञ्जली व्यक्त गर्दै संक्रमितको शीघ्र स्वास्थ्य लाभको कामनासहित यस महामारीका विरुद्ध संघर्षरत सबैमा उच्च सम्मानसहित हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

हाम्रो जीवनकालकै सर्वाधिक चुनौतिपूर्ण परिस्थितिको रुपमा खडा भएकोकोरोना भाइरस (कोभिड-१९) को दोस्रो लहरकोमहामारी एवम् लकडाउनका बीच आगामी आ.व. को यो बजेट निर्माण गर्दा कोरोना संक्रमणबाट हुने क्षति रोक्नु, नगरवासीको जीवन रक्षा गर्नु र संकटको बीच पनि विकास कार्यलाई अगाडि बढाउने लक्ष्य लिएको छ ।कोरोना संक्रमणको नियन्त्रण गर्न हाम्रो प्रयास निरन्तर जारी राख्दै कोरोनाको स्थायी रोकथामका लागि खोप लगाउने कार्यलाई उच्च प्राथमिकतामा राखेको छु ।

नयाँ संविधान र संघीय प्रणालीमार्फत स्थापना भएको यो नगरपालिकालाई सञ्चालन गर्न आवश्यक जनशक्तिको व्यवस्थापन,प्रशासनिक संरचनाको निर्माण, कानुनी पूर्वाधार, भौतिक पूर्वाधार लगायतका अन्य पूर्वाधारहरुको विकास गर्नुका साथै जनताको अपेक्षाअनुसार विकास कार्यलाई तीव्रता दिनुपर्नेआवश्यकताका बीचकोरोना महामारी एवम् लामो लकडाउनले थप जटिल बनाइरहेको छ । यस तमाम चुनौति र जटिलतालाई चिर्दै नगरले भौतिक पूर्वाधार, सामाजिक पूर्वाधार तथाआर्थिक पूर्वाधार निर्माणमा उल्लेख्य प्रगति हासिल गर्नुका साथै जनसेवाको कार्यलाई समेत प्रभावकारी तुल्याउदै आएको छ ।

यो नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा समग्रमा वर्तमान परिस्थति, कोरोना महामारीबाट सृजित तमाम चुनौतिहरूलाई ध्यानमा राखी नगरवासीको चाहना, भावना र मागको आधारमा विद्यमान स्रोत र साधनको अधिकतम सदुपयोग गरी नेपालको संविधान र कानुनले दिएको क्षेत्राधिकारभित्र रही जनप्रतिनिधि, नागरिक समाज एवम् अगुवाहरुको रायसुझावलाई समेत मार्गदर्शनको रुपमा लिएको छ ।

रीना कुमारी साह
नगर प्रमुख
मौलापुर नगरपालिका

चालु आ.व. २०७७/०७८ को बजेट खर्च कोरोना महामारी र लकडाउनका कारण प्रभावित भएपनि महत्वपूर्ण आयोजनाहरुको निर्माण कार्य तीव्र गतिमा निरन्तर अगाडि बढ्दै छ ।गौरवको आयोजनाको रुपमा रहेको सडक कालोपत्रे, एकीकृत वस्ती विकास, जग्गा एकीकरण आयोजना, पुरातात्विक महादेव मन्दिर लगायत आयोजनाहरुको निर्माण कार्य अन्तिम चरणमा छ। धुँवा चुल्हो मुक्त नगरको परिकल्पना ४ वर्षमै साकार भएको छ भने Free WiFi नगरको कार्य तीव्र गतिमा अगाडि बढेको छ। कच्ची सडक मुक्त अभियान क्रमशः साकार हुँदैछ। नि:शुल्क पानी, उन्नत बीउ वितरण कार्यक्रमले कृषकलाई राहत प्रदान गरेको छ। 'हर हातमे हुनर कार्यक्रम' प्रभावकारी देखिएको छ। 'असहायका साथ मेयर कार्यक्रम' ले गरिब असहायलाई ठूलो राहत दिएको छ।

सामाजिक क्षेत्रको प्रगति सकरात्मक छ। खासगरी स्वास्थ्य क्षेत्रमा सुधार भइरहेको छ। १५ सैय्याको अस्पतालको भवन निर्माण कार्य यसै आ.व. माशुरु हुँदैछ। विभिन्न वडाहरुमा स्वास्थ्य चौकीको भवन निर्माण भएको छ। कयौँ स्वास्थ्य चौकी संचालन भई स्वास्थ्य सेवा विस्तार भएको छ। प्राविधिक शिक्षालयको भवन, नमुना विद्यालयको भवन लगायत विद्यालयको भौतिक पूर्वाधार निर्माण एवम् थप शिक्षक जनशक्तिको सहयोगले गुणस्तरीय शिक्षामा गुणात्मक वृद्धि भएको छ। विद्यालयमा बालबालिकाको भर्ना बढेको छ भन्ने साक्षरता अभियान प्रगति उन्मुख छ। यस अघि नै धार्मिक-सांस्कृतिक पर्यटनको विकासका लागि आयोजित "मधानी महायज्ञ एवम् पुरातात्विक महादेव मन्दिर" कोसमुदघाटन सम्माननीय राष्ट्रपतिबाट भई मौलापुर नगरले देश विदेशमा सम्मान पाएको छ भने दोस्रो मधानी महायज्ञ महोत्सवमानेपाल सरकारका माननीय उपप्रधानमन्त्री सहभागी भई पुरातात्विक महादेव मन्दिरलाई विश्व सम्पदा सुचीमा पुर्याइछाड्ने नेपाल सरकारको अठोटले यस नगरको गौरवलाई झनै बढाएको छ।

**आ.व.२०७७।०७८** को विनियोजित रकम मध्ये आम्दानी तर्फ संघीय सरकारबाट राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम रु. ६,६४,६८,५९०।, प्राप्त हुने भनिएकोमा हाल सम्म रु. ४,७३,२६,४६३.८५। र मात्र प्राप्त भएको छ भने नगरपालिकाको रु.८०,००,०००। आन्तरिक आम्दानी हुने भनि अनुमान गरिएकोमा हालसम्म करिब रु. ५३,७८,२३६.३४। मात्र आम्दानी प्राप्त भएको देखिन्छ। विनियोजित रकमको खर्च अनुपात तर्फ हेर्दा सशर्त अनुदान रकम रु. १५,३२,००,०००। को ९० प्रतिशत, वित्तिय समानीकरण खर्च तर्फको रु. १०,३७,५५,०००। मध्ये ९८ प्रतिशत, समपुरक तथा विषेश अनुदान रकमको सत प्रतिशत र चालु खर्चको लागि छुट्याइएको रु. ६,६४,६८,५९०। को करीब ८० प्रतिशत खर्च हुने अवस्था छ।

**आ.व.२०७८।०७९** को बजेट श्रोतको रुपमा यस नगरपालिकाको आन्तरिक आम्दानीबाट अनुमानित रकम रु. १,००,००,०००।, संघीय सरकारबाट वित्तिय समानीकरण अनुदान रु। ९,९३,००,०००। र प्रदेश सरकारबाट वित्तिय समानीकरण रु. ६५,५९,०००। गरी वित्तिय समानीकरणतर्फ जम्मा रु. १०,५८,५९,०००। त्यस्तै सशर्त अनुदानतर्फ संघीय सरकारबाट रु. १६,५४,००,०००। त्यसैगरी प्रदेश सरकारबाट विशेष अनुदान रु. ३०,००,०००।, प्रदेश सरकारबाट समपूरक अनुदान रु. २०,००,०००। गरी जम्मा रु. ५०,००,०००। , संघीय सरकारबाट राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम रु. ६,६९,३७,०००।, र प्रदेश सरकारबाट राजश्व बाँडफाँडबाट रु. २४,५४,५००। गरी राजश्व बाँडफाँडबाट जम्मा रु. ६,९३,९१,५००। र आ.व. २०७७।०७८ को खर्च हुन

बाँकी अनुमानित रकम रु. ५०,००,०००। समेत गरी नगरपालिकाले कुल ३६ करोड ६ लाख ५० हजार ५ सयको बजेट सिमाभित्र रही आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु।

**सभा अध्यक्षज्यू,**

प्रस्तुत बजेटले कोरोना भाइरस (कोभिड-१९) महामारीबाट नागरिकको जीवन रक्षा गर्दै सामाजिक न्यायसहित पूर्वाधार विकासमा जोड दिएको छ । आम नगरवासीलाई कोरोना महामारीबाट बचाउन खोप लगाउने कार्यलाई उच्च प्राथमिकतामा राखी कोरोना संक्रमणबाट प्रत्यक्ष प्रभावित नागरिकलाई राहत सहयोगमा ध्यान दिदै आर्थिक, सामाजिक र भौतिक पूर्वाधार विकासमार्फत आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको छ। जसलाई निम्नानुसार प्रस्तुत गर्न अनुमति चाहन्छु।

**१. आर्थिक विकासतर्फ,**

**क. कृषि**

- तीन वाली खेती गर्ने किसान र व्यवसायिक ढंगले खेती गर्ने कृषकहरुलाई प्रोत्साहन गर्न अनुदानको व्यवस्था गरेको छु।
- "किसानलाई निशुल्क पानी" भन्ने कार्यक्रमको लागि प्रत्येक किसानलाई कृषि मिटरको सम्पूर्ण लागत नगरपालिकाले व्यहोर्ने व्यवस्था गरेको छु।
- कृषकको उत्पादित वस्तुको विक्रीदरलाई सन्तुलित राख्न निर्माण शुरु गरिएको शीत भण्डार (कोल्ड स्टोर)भवन छिटै सम्पन्न गर्न जोड दिइनेछ।
- फलफुलको व्यवसायिक खेतीमा जोड दिइनेछ । केरा खेतीलाई बढावा दिन केरा पकेट क्षेत्र निर्माण गरिनेछ।
- किसानलाई सहज र सस्तो मलखाद उपलब्ध गरउन विशेष पहल गरिनेछ।
- आधुनिक र व्यवसायिक फर्म सञ्चालन गर्न कृषकलाई प्रोत्साहन गरिने नीति लिइनेछ।
- कृषि उत्पादनलाई बढाउन माटो परीक्षणको कार्यलाई निरन्तरता दिइनेछ।

**ख. पशुपक्षी र मत्स्य**

- नगरलाई दुधमा आत्मनिर्भर बनाउन गाई र भैसी पालनमा जोड दिइनेछ। यसको लागि ब्याएको उन्नत जातको भैंसी खरीद गर्ने प्रत्येक परिवारलाई रु. ५० हजार तथा ब्याएको उन्नत जातको गाई खरीद गर्नेलाई रु २५ हजार अनुदान दिइनेछ।
- दलित वा विपन्न (विधवा)परिवारको आर्थिक उपार्जनमा सहयोग हेतु प्रत्येकपरिवारलाई उन्नत जातको बाख्रा अनुदान दिइनेछ । बाख्रा पालनमा अनिच्छुक परिवारलाई निजको व्यवसायसँग मिल्ने अन्य सामाग्री वा रु १० हजारसम्मको आर्थिक अनुदान उपलब्ध गराइनेछ।
- पशुपंक्षीको परम्परागत ढंगले गरिने गर्भधारणलाई विस्थापित गरी विकसित ब्रिडबाट गर्भाधारण गर्ने व्यव्यस्था मिलाईनेछ।
- व्यवसायिक रुपमा पशुपंक्षी पालन गर्ने व्यवसायीलाई अनुदानको व्यवस्था मिलाइनेछ।
- माछा व्यवसायलाई बढावा दिइने नीति लिइनेछ।माछाको उत्पादन बढाउन माछाको पकेट क्षेत्र निर्माण गरिनेछ। आफै माछापालन गर्ने किसानलाई विशेष अनुदानको व्यवस्था गरेको छु।

रीना कुमारी साह
नगर प्रमुख
[illegible]पुर नगरपालिका
रौतहट

पतौरा, रौतहट
प्रदेश नं.२, नेपाल

- दुग्ध खरिदको ग्यारेन्टी गर्न दुग्ध चिस्यान केन्द्रको लागि पहल गरिनेछ।
- माछा मासुको विक्री वितरणलाई स्वच्छ र सफा राख्न विशेष व्यवस्था गरिनेछ।

**ग. भुमि व्यवस्था तथा सहकारी**

- यस नगरपालिकाको गम्हरिया लगायतका विभिन्न गाउँमा वर्षौ देखि भोग चलन गर्दै आएको ऐलानी पर्ती जग्गालाइ भोगचलनको आधारमा नाप जाँच गराइ नेपाल सरकारको भूमि सम्बन्धी समस्या समाधान आयोग मार्फत लालपूर्जा वितरणको व्यवस्था मिलाइनेछ।
- भुमिहीन सुकुम्वासीहरुलाई आवश्यक जग्गाको व्यवस्था गरिनेछ ।
- ऐलानी सार्वजनिक जग्गालाई संरक्षण तथा सदुपयोगको नीति लिइनेछ।
- सहकारी संस्थाहरुको नियमन गरिनेछ।
- सहकारी मार्फत हुने विक्रि वितरणलाई व्वस्थित र पारदर्शी गरिनेछ।
- कृषि सहकारी र ऋण तथा बचत सहकारी संस्थाहरुलाई प्रोत्साहन र नियमन गरिनेछ।

**घ. पर्यटन तथा संस्कृति**

- पतौरा पुरातात्विक महादेव मन्दिरलाई विश्वसम्पदा सुचीमा सुचिकृत गर्न विशेष पहल गरिनेछ।
- पतौरा पुरातात्विक महादेव मन्दिरको उत्खनन र पुनर्निमाणको कार्यलाई तीव्रता दिदै राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा व्यापक प्रचार प्रसार पहल गरिनेछ।
- मौलापुर पुरातात्विक स्थल भएकोले यहाँको पुरातात्विक सम्पदा संरक्षण एवम् पर्यटन विकासमा सहयोग गर्न पुरातात्विक संग्रालय निर्माण गरिनेछ।
- मौलापुरलाई आकर्षक पर्यटकीय स्थलको रुपमा विकास गर्न मौलापुर जग्गा एकीकरण आयोजनामार्फत विकसित नयाँ चौक एवम् बजार क्षेत्रमा रहेका अन्य चौकहरुको नामाकरण यहाँको मौलिक परम्परा, ऐतिहासिकता एवम् आधुनिकताको आधारमा नयाँ नामाकरण गरिनेछ।
- ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पर्यटनको लागि आधारभुमिको रुपमा रहेको मौलापुरको परम्परागत एवम् मौलिक पक्षहरुकोविकासमा विशेष ध्यान दिइनेछ।
- पर्यटन विकासका लागि अन्य पूर्वाधार निर्माणमा समेत ध्यान दिइनेछ।
- धर्म-संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्दै धार्मिक-सांस्कृतिक क्षेत्रमा राज्यको भुमिकालाई अझप्रभावकारी बनाउन नगरपालिकाले यस नगरभित्र हुने सार्वजनिक पर्व, मेला एवम् महोत्सवहरुमा निम्नानुसार आर्थिक सहयोगको नीति लिइनेछ।
    - छठघाट सजावटको लागि प्रत्येक टोलमा रु ५० हजारदेखि रु १ लाखसम्म,
    - ब्रह्मबाबाको पुजाको लागि प्रत्येक गाउँमा रु २५ हजार देखि रु ७५ हजार
    - सरस्वती पुजाको लागि प्रत्येक मा.वि.मा रु ५० हजार, आधारभुत प्रा.वि.मा रु २५ हजार र प्रा.वि. मा १५ हजार,
    - मधानी महोत्सव लगायतको अन्य महोत्सवका लागि रु ५ लाख देखि १० लाखसम्म,

रीना कुमारी साह
नगर प्रमुख
नगरपालिका

- प्रत्येक मेला व्यवस्थापनका लागि रु १ लाख देखि रु २ लाखसम्म,
- मुश्लिम धर्मावलम्वीहरुको ईद, बकरीदमा रु १ लाख आर्थिक सहयोग गरिनेछ।

यसकार्यका लागि रु ५० लाख विनियोजन गरेको छु।

- ➢ नगरभित्र रहेका सांस्कृतिक समूह एवम् किर्तन मण्डलीलाई प्रोत्साहन गर्न अनुदान स्वरुपवाद्यवादन लगायतको सामग्री वितरण गरिनेछ।
- ➢ नगरभित्रको मठ मन्दिरको संरक्षण र सञ्चालनमा विशेष ध्यान दिइनेछ।
- ➢ मनोरञ्जन पार्क निर्माणमा जोड गर्दै दाह संस्कारस्थललाई सुरक्षित र पवित्र राख्न व्यवस्थित मसानघाट निर्माणमा जोड दिइनेछ।

**ङ. उद्योग, वाणिज्य तथा वित्तिय**

- ➢ घरेलु उद्योगहरुलाई नियमन गरिनेछ। नगरभित्रको उद्योग व्यवसायलाई प्रोत्साहन गर्न विशेष अनुदानको व्यवस्था गरेको छु।
- ➢ नगरभित्र उद्योगग्राम निर्माणका लागि विशेष पहल गरिनेछ।
- ➢ नगरभित्र उद्योग स्थापना गर्न चाहने व्यक्ति तथा संस्थालाई प्रोत्साहन गर्ने नीति लिइनेछ।
- ➢ वित्तिय संस्थाहरुको स्थापना एवम् प्रोत्साहनमा जोड दिइनेछ।
- ➢ रोजगार सृजना हुने सीप विकासमा विशेष जोड दिइनेछ।

**२. सामाजिक विकासतर्फ**

**क. शिक्षा तथा खेलकुद**

- ➢ कोरोना भाइरस (कोभिड-१९) महामारी र लकडाउनले बन्द शैक्षिक संस्थाहरुमा वैकल्पिक प्रणालीमार्फत भइरहेको अध्ययन/अध्यापनलाई थप व्यवस्थित गरिनेछ।
- ➢ "हर हातमे हुनर" भन्ने नारासहित सञ्चालन गरिएको सीपमुलक प्राविधिक शिक्षालाई निरन्तरता दिइएको छ।
- ➢ नगरलाई साक्षर बनाउने कार्यक्रमलाई अझ प्रभावकारी तुल्याइनेछ।
- ➢ गुणस्तरीय शिक्षामा जोड दिंदै विद्यालय पूर्वाधारको दायरा र स्तर वृद्धि गर्न मौलापुर, मर्यादपुर, गम्हरिया र पतौरामा माध्यमिक स्तरको पठनपाठनको लागि चाहिने पूर्वाधार निर्माण गरिनेछ।
- ➢ मौलापुर प्राविधिक शिक्षालयको दायरालाई विस्तार गरिनेछ।
- ➢ मावि सोनरनियालाई नमुना विद्यालयको रुपमा विकास गरिनेछ भने मावि पथराबुधरामलाई प्राविधिक शिक्षालयको रुपमा विकास गरिनेछ।
- ➢ बालबालिकालाई विद्यालयमा टिकाउन विशेष पहल गरिनेछ।
- ➢ नगरमा ई-लाइब्रेरीसहितको आधुनिक पुस्तकालय एवम् व्यायामशाला निर्माण गरिनेछ।
- ➢ प्रत्येक वडामा एक खेल मैदानको नीति लिइनेछ।
- ➢ राष्ट्रियस्तरको खेल मैदानको लागि विशेष पहल गरिनेछ।

रीना कुमारी साह
नगर प्रमुख

मौलापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पतौरा, रौतहट
प्रदेश नं.२ नेपाल

- शिक्षकहरुको कार्यसम्पादन र विद्यार्थीको उतिर्ण नतिजाको आधारमा दण्ड, पुरस्कार र सम्मानको व्यवस्था गरिनेछ।
- परम्परागत खेलकुदलाई लोप हुन नदिन समय सापेक्ष विकास गर्दै सम्वर्द्धनको नीति लिइनेछ।

**ख. स्वास्थ्य**

- १५ सैय्याको अस्पताल भवनको निर्माण कार्य यसै वर्ष शुरु गरिनेछ।
- यसै वर्ष सम्पूर्ण नगरवासीलाई कोरोना खोप दिलाउनविशेष पहलगरिनेछ।
- स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन वडाहरुमा व्यवस्थित स्वास्थ्य चौकी भवन निर्माणको कार्यलाई विस्तार गरिनेछ।
- मौलापुर प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नति गर्दै थप चिकित्सको व्यवस्था मिलाइनेछ।
- कोरोना भाइरस (कोभिड-१९)महामारीको जोखिम रहँदासम्म प्रत्येक स्वास्थ्यकर्मीलाई प्रोत्साहन स्वरुप विशेष भत्ताको व्यवस्था गरिनेछ।
- स्वास्थ्य चौकीहरुको स्तरोन्नति तथा संस्थागत सुधार गर्दै सम्पूर्ण गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामै प्रसुति गराउने व्यवस्था मिलाइनेछ।
- उमेर पुगेका प्रत्येक महिलालाई स्यानेटरी प्याड निशुल्क वितरण गरिनेछ।
- प्राइभेट क्लिनिक तथा औषधी पसलहरुको नियमन गरिनेछ।

**ग. खानेपानी तथा सरसफाई**

- गुणस्तरीय शुद्ध खानेपानीको लागि हैण्डपाइपको विस्थापन सहित पानी ट्याङ्कीमा प्रशोधन यन्त्रको व्यवस्था गर्न विशेष पहल गरिनेछ।
- "टोल टोलमा पानी टंकी, घरघरमा धारा"पुर्याउने लक्ष्य अनुरुप सम्पूर्ण पानी ट्याङ्कीलाई नियमित सञ्चालनको व्यवस्था गरिनेछ।
- मौलापुर बजारको पानी निकासको लागि ढल निर्माणको कार्य यसै वर्ष शुरु गरिनेछ।
- प्रत्येक दलित वस्तीमा सेफ्टी ट्याङ्कीसहित शौचालय निर्माणमा जोड दिइनेछ।
- प्रत्येक घरलाई नाला र ढलसँग जोड्न "स्वच्छ शहर हमर नगर"कार्यक्रमलाई निरन्तरता दिएको छु।
- लामखुटेको प्रकोपबाट बचाउन प्रत्येक परिवारमा २/२ वटा मेडीकेटेड झुल (मछरजाली) वितरण गरिनेछ।
- "मौलापुर नगर, हरित शहर"को लक्ष्य राखी सुरु गरिएको वृक्षारोपण कार्यलाई अझ प्रभावकारी तुल्याइनेछ।
- स्वच्छ वातावरण र सरसफाइको कार्यलाई व्यवस्थित गरिनेछ।

**घ. लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

- एकीकृत वस्ती विकासमा जोड गर्दै दलित एवम् असहाय गरिब परिवारलाई पक्की आवासको व्यवस्था गरिनेछ।
- मर्यादपुरको एकीकृत दलित वस्तीको घरसहित जग्गाको लालपुर्जा सम्बन्धित लाभग्राहीलाई यसै वर्ष हस्तान्तरण गरिनेछ।

रीता कुमारी साह
नगर प्रमुख
...नगरपालिका

- तिलक/दहेजको प्रथा र खर्चिलो विवाह प्रणालीलाई निरुत्साहित गर्दै गरिब असहायको छोरीको विवाहमा "असहायको साथ मेयर" कार्यक्रममार्फत दिदै आएको आर्थिक सहयोग रकमलाई दोब्बर गरी रु ५० हजार पुर्याएको छु ।
- महिला सशक्तिकरणमा जोड दिइनेछ । सामाजिक समावेशीकरणको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- छात्रालाई उच्च शिक्षा एवम् व्यवसायिक शिक्षाप्रति प्रोत्साहित गर्न साइकल/ल्यापटप कम्प्युटर लगायतका शैक्षिक सामाग्री वितरणको कार्यलाई निरन्तरतादिइनेछ ।
- दलित, शहिद परिवार, कोरोनाबाट मृत्यु भएको परिवार र विधवा विपन्न परिवारको छात्रालाई नगरभित्र सञ्चालित प्राविधिक शिक्षामा विशेष छात्रवृतिको व्यवस्था मिलाइनेछ ।

**३. पूर्वाधार विकासतर्फ**

**क. सडक तथा पुल**

- "सडक पूर्वाधारको विकास, समृद्धिको आधार" भन्ने नारासहित यस नगरलाई यसै आ.व. मा कच्ची सडकमुक्त नगरपालिका घोषणा गरिनेछ ।
- भकुवा नदीको पतौरामा निर्माणाधीन झोलुङ्गे पुलको निर्माण कार्य यसै वर्ष सम्पन्न गरिनेछ । मौलापुर पिकनिक पार्क नजिक झोलुङ्गे पुल तथा मर्यादपुर-टिकुलियाको बीचमा लालबकैयामा नयाँ झोलुङ्गे पुल निर्माण कार्य शुरु गरिनेछ ।
- सडकहरु वर्गीकरण गरी सडक संहितामार्फत सडक सुरक्षा कार्ययोजना तुरुन्त कार्यान्वयनमा ल्याइनेछ ।
- ढल निकाससहित प्रत्येक घरलाई नालासँग जोड्ने र सडक ढलान कार्यलाई तीव्रता दिइनेछ ।
- कृषि सडक निर्माणसँगै सडक मर्मत सम्भार कार्यलाई प्राथमिकतामा राखिनेछ ।
- स्तरीय सडक निर्माणको कार्यलाई तीव्रता दिने उद्देश्यले निर्माण संस्थाहरुलाई प्रोत्साहनको नीति लिइनेछ ।
- समयावधी अगावै निर्माण सम्पन्न गर्ने आयोजनामा १०% रकम थप गर्ने र ढिला गर्ने आयोजनामा १०% रकम कट्टा गरिनेछ ।

**ख. सिंचाई तथा नदी नियन्त्रण**

- "हर खेतमा सिंचाई" को नारासहित सिंचाईको लागि नहरमा जोड दिदै नहर नपुगेको ठाउँमा डिप ट्यूवेल तथा स्यालो ट्यूवेलको व्यवस्था गरिनेछ ।
- निशुल्क सिंचाइको नीति अनुरुप विद्युतको कृषि मिटर वापत लाग्ने रकम नगरपालिकाले तिर्ने व्यवस्था गरेको छु ।
- वकैया सिंचाई आयोजना निर्माण कार्य सुरु गर्न विशेष पहल गरिनेछ । साथै अरुवा सिंचाई र भकुवा सिंचाईलाई पनि व्यवस्थित गर्दै लगिनेछ ।
- बकैया नदी नियन्त्रणको कार्य प्रभावकारी बनाउदै अरुवा र भकुवा नियन्त्रणको कार्य समेत अगाडि बढाइनेछ ।

रीना कुमारी साह
नगर प्रमुख

- वैकल्पिक उर्जामार्फत सोलार ट्यूवेल जडानलाई पनि ध्यानमा राखी वाली अनुकुल पानीको लागि आधुनिक सिंचाई प्रविधिमा जोड दिइनेछ।

**ग. भवन तथा शहरी विकास**

- भवन निर्माणको लागि भवन निर्माण संहिता यसै आ.व. मा लागु गरिनेछ।
- जग्गा एकीकरण ल्याण्ड पुलिङ (Land Pulling)को नीतिमार्फत शहरी पूर्वाधारको विकास तथा वस्ती विकासमा जोड दिइनेछ।
- नगरभित्र इनार भएको जग्गामा प्रतिक्षालय वा सामुदायिक भवन निर्माणमा जोड दिंदै सार्वजनिक शौचालय निर्माणसमेत गरिनेछ।
- सबै सरकारी भवनहरुको लगत तयार गरी संरक्षण तथा मर्मतको व्यवस्था मिलाइनेछ।
- नयाँ सरकारी भवन निर्माण गर्दा एकीकृत शहरी पूर्वाधारको योजना अन्तर्गत निर्माण गरिनेछ।
- दलित तथा विपन्न वर्गको पक्की आवास निर्माणको लागि विशेषअनुदानको व्यवस्था मिलाइनेछ।
- एकीकृत सरकारी भवन निर्माणको लागि पहल गरिनेछ।

**घ. सञ्चार**

- नगरलाई फ्रि WiFiसुविधाले सु-सम्पन्न तुल्याइनेछ।
- सरकारी कार्यालयहरु, विद्यालयहरु, स्वास्थ्य संस्थाहहरु लगायत सार्वजनिक स्थानहरुमा फ्रि इन्टरनेटको सुविधासहितप्रविधिमैत्री बनाइनेछ।
- मौलापुर F.M. रेडियो यसै वर्ष सञ्चालन गरिनेछ।
- प्रत्येक वडाहरुमा नेपाल टेलिकमको टेलिफोन लाईन जडानको लागि जोड दिइनेछ।
- अनलाईनमार्फत सामाजिक सुरक्षा भत्ता र पञ्जीकरण सम्बन्धी कार्यलाई प्रभावकारी बनाइनेछ।

**ङ. उर्जा**

- नगर क्षेत्र भित्रको घरायसी विधुत मिटर महसुल निशुल्क गरिनेछ र सोका लागि रु. ८०,००,००० विनीयोजन गरिएको छ।
- नगरभित्रको विद्युत प्रशारणलाईनलाई व्यवस्थित एवम् भरपर्दो बनाउन सम्पूर्ण ट्रान्सफर्मरको स्तरवृद्धि गरिनेछ।
- विद्युत वितरणको कार्यलाई विस्तार गर्दै सिँचाईको लागि खेत खेतमा विद्युत प्रशारण पुर्याइनेछ।
- नगरपालिका क्षेत्रभित्रको प्रत्येक बजार क्षेत्रका सडकहरुमा सोलार बत्ती जडान गरिनेछ।
- नगरपालिका क्षेत्रभित्रको वस्तीका सडकहरुमा रहेका विजुली पोलहरुमा सेन्सर बत्ति जडानको कार्यलाई विस्तार गरिनेछ।
- अव्यवस्थित बिजुली पोलहरुलाई व्यवस्थित गरी जोखिम कम गर्नुका साथै सडक क्षेत्रको संरक्षण र वस्तीको सौन्दर्यता बढाउने नीति लिइनेछ।
- बायो ग्यास प्लान्ट जडानमा जोड दिने नीति लिइनेछ।

रीना कुमारी साह
नगर प्रमुख

४. वातावरण तथा विपद व्यवस्थापनतर्फ

- यस नगरलाई यसै वर्ष विधिवत् रुपमा "धुवाँमुक्त चुल्हो नगरपालिका" घोषणा गरिनेछ।
- प्रत्येक सडकपेटीमा वृक्षारोपण कार्यलाई विस्तार गरिनेछ।यसको लागि जनतासँग सहकार्यको नीति लिइ एक रुख एक हजार अनुदानको व्यवस्था मिलाइनेछ।
- बजार एवम् वस्तीको फोहोरमैला व्यवस्थापन गर्न ल्याण्डफिल साइटको सम्भाव्यता अध्ययनको कार्य अगाडि बढाइनेछ।
- नियमित प्राकृति विपदको रुपमा रहेको बाढी, आगलगी र सीतलहरबाट बचाउन विशेष कार्यक्रम ल्याइनेछ र यसका लागि आवश्यक रकम विनियोजन गरेको छु।
- फोहोरमैला व्यवस्थापनको कार्य गर्ने संघ संस्था वा कम्पनीलाई विशेष अनुदानको व्यवस्था गरिनेछ।

५. संस्थागत विकास तथा सेवा प्रवाह

- नगरभित्रका सबै सरकारी कार्यालयहरुमा ई-हाजिरी जडान गरिनेछ।
- नगरभित्रका बजार क्षेत्रमा सिसि क्यामरा जडान कार्यलाई विस्तार गरिनेछ।
- विद्यालय, स्वास्थ्य संस्थाहरु र सरकारी कार्यालयहरुमा इन्टरनेट तथा सिसि क्यामरा जडानको कार्यलाई विस्तार गरिनेछ।
- नगरभित्र रहेका मनोरञ्जन पार्क, बसपार्क वा सभाहलहरुको सही सञ्चालन एवम् व्यवस्थापनको कार्यगैर सरकारी संस्थामार्फत गर्ने गराउने व्यवस्था मिलाईनेछ।
- प्रत्येक विद्यालय तथा कार्यालयहरुमा आवश्यक फर्निचरको ग्यारेन्टी गरिनेछ।
- सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन संस्थागत पूर्वाधार विकासका साथै कर्मचारी तथा पदाधिकारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम गरिनेछ।
- यस नगरपालिकाभित्रका सबै सार्वजनिक निकायमा अनिवार्य रुपमा नागरिक सहायता कक्षको स्थापना तथा नागरिक वडापत्र र सुझाव पेटिका अनिवार्य रुपमा राख्नुपर्ने व्यवस्था मिलाइनेछ। सेवा प्रवाहलाई प्रभावकारी बनाउन सेवाको मापदण्ड निर्धारण गरिनेछ साथै सेवा प्रवाहमा विद्युतीय माध्यम तथा सुचना प्रविधिको प्रयोगमा जोड दिइनेछ। नगरपालिकाको योजना निर्माण प्रक्रियालाई थप प्रभावकारी बनाउन नगरपालिकाको पार्श्वचित्र निर्माण गरिनेछ।
- सुचना तथा संचारको प्रभावकारी व्यवस्थापनको लागि स्थानीय एफ.एम. हरुसँग समन्वय गरी नगरपालिकाका सुचनाहरुलाई प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।
- नगरपालिकाका सम्पूर्ण सुचनाहरुमा जनताको पहुँच पुर्याउन वेवसाइटलाई प्रभावकारी बनाइनेछ।

६. वित्तिय व्यवस्थापन र सुशासनतर्फ

- नगरपालिकाबाट प्रवाह गरिने सेवा अन्तर्गत नगरपालिका र वडा कार्यालयहरुबाट गरिने सिफारिस वापत लिइने शुल्क, मालपोत, व्यक्तिगत घटना दर्ता शुल्क हटाइएको छ। साथै पचास लाखसम्मको सम्पत्तिमा कर छुट समेत दिइएको छ।

रीना कुमारी साह
नगर प्रमुख
... नगरपालिका
रौतहट

- प्रत्येक सार्वजनिक निर्माणहरुको अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गरिने व्यवस्थाको निरन्तरतासहित प्रभावकारी बनाइनेछ ।
- वित्तिय अनुशासनलाई कडाइका साथ पालना गरिनेछ । वित्य जोखिम न्यूनीकरणको लागि वित्तिय जोखिम न्यूनीकरण गर्ने संस्थाहरुको स्थापनामा जोड दिइनेछ ।
- नगरपालिकाको आर्थिक कारोबारलाई सरकारी मापदण्ड अनुरुप लेखाङ्कन पद्धतिमा राखिनेछ ।
- अन्तिम लेखा परीक्षण र बेरुजु फछर्यौट तोकिएको समयमा सम्पन्न गर्ने नीति लिइनेछ ।

अन्त्यमा आजको यस पाँचौ बजेट अधिवेशनको समुदघाटन समारोहमा उपस्थित भइ कार्यक्रमको शोभा बढाइदिनुहुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, अन्य अतिथिज्यूहरु, नगरसभाका सदस्यज्यूहरु, पत्रकार मित्रहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु एव्म उपस्थित सम्पूर्ण महानुभावहरुलाई पुनः एक पटक हृदयदेखि नै हार्दिक आभार प्रकट गर्दछु ।

**धन्यवाद !**

२०७८ असार १० गते

रीना कुमारी साह
नगर प्रमुख
मौलापुर नगरपालिका
पतौरा, रौतहट